मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आज इदको सार्वजनिक बिदा

**सार्वजनिक बिदा**

काठमाडौं, १९ बैशाख/ सरकारले आज मंगलबारका लागि सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयका अनुसार इस्लाम धर्मालम्बीहरूको पर्व इद उल फित्रका अवसरमा सार्वजनिक बिदा दिइएको हो । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले मंगलबार सार्वजनिक बिदा दिने निर्णय भएको बताए । ०७८ फागुन २६ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार इद उल फित्रमा बिदा दिने निर्णय भएको हो ।

# प्रदेशका मन्त्रीहरुले नै गरे निर्वाचन आचारसंहिता उल्लङ्घन

साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ बागमती प्रदेश सरकारका मन्त्रीहरुले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका छन् । गएको चैत २५ गतेदेखि नै निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको आचारसंहिता लगाइसकेको अवस्थामा प्रदेश सरकारमा रहेका मन्त्रीहरुले धमाधम आचारसंहिताको उल्लङ्घन गरेका हुन् । उनीहरुले कुनै दल तथा व्यक्ति विशेषको लागि मत माग्दै आचारसंहिता उल्लङ्घन गरेका हुन् ।

मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिलाई कुनै उम्मेदवार वा दल विशेषको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न आचार संहिताले रोक लगाएको छ । तर, प्रदेश सरकारको केहि मन्त्रीहरुले सामाजिक सञ्जालमार्फत् त केहिले सार्वजनिक कार्यक्रममा नै उम्मेदवार र पार्टीको लागि मत माग्ने काम गरेका छन् । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकासमन्त्री बसुन्धरा हुमागाईंले स्थानीय तह निर्वाचनको आचारसंहिता उल्लङ्घन गरेका छन् । मन्त्री हुमागाईंले आफ्नो फेसबुकमा पटक-पटक विभिन्न उम्मेदवारका लागि मत माग्दै निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएको हो । मन्त्री हुमागाईंले उम्मेदवारका लागि सार्वजनिक रूपमा सामाजिक सञ्जालमा नै मत मागेका छन् ।

मन्त्री हुमागाईंले पाँच दिनअघि आफ्नो फेसबुकमा काभ्रे जिल्लाका १३ स्थानीय तहका प्रमुख उपप्रमुखलाई अत्यधिक बहुमतले विजयी गराउन आग्रह गरेका छन् । विभिन्न पालिकाको प्रमुख तथा उपप्रमुख चुनावी प्रचारको तस्विरसमेत राख्दै उनले मत मागेका छन् ।

उनले स्थानीय तहको निर्वाचनअघि आफू हेटौंडा नफर्किने समेत बताएका छन् । 'चुनावअघि म हेटौंडा आउन भ्याउँदिन', *साझाकुरा*सँग कुरा गर्दै उनले भने, 'अब एकैपटक जेठको ४/५ गते आउँछु होला ।' बागमती प्रदेशको वन तथा वातावरणमन्त्री विशाल खड्काले निर्वाचन आचासंहिता विपरीत दल र उम्मेदवारको लागि मत मागिएको पोष्ट फेसबुकमा शेयर गरेका छन् । खड्काले आफ्नो पार्टी नेकपा माओवादी केन्द्रको चुनावी गीतदेखि उम्मेदवारको लागि मत मागिएको पोष्ट पनि शेयर गरेका हुन् । आइतबार बागमती प्रदेशको बहालवाला सामाजिक विकास मन्त्री कुमारी मोक्तानले समेत निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै चुनावी कार्यक्रममा भाषण गरेकी छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १४ मा तीन दलीय गठबन्धनको वडा कमिटीको आयोजनामा भएको चुनावी सभामा उनले आचारसंहिता विपरित भाषण गरेकी हुन् । उनले गठबन्धनको उम्मेदवारलाई विजयी गराउन अपिल गर्दै मुलुकबाट प्रतिगमनकारीहरूलाई परास्त गर्नुपर्ने बताइन् ।

मन्त्री मोक्तान दैनिक रूपमा चुनावी प्रचारप्रसारमा सहभागी हुँदै आएकी छन् । मोक्तान नेकपा माओवादी केन्द्रका उम्मेदवारहरूलाई मत माग्न, सम्पर्क कार्यालय उद्घाटन गर्न सक्रिय भएकी छन् । केही दिन अघि मन्त्री मोक्तान आचारसंहिताको बेवास्ता गर्दै पश्चिम मकवानपुरको मनहरिका विभिन्न वडामा उम्मेदवारहरूसँगै प्रचारमा हिँडेकी थिइन् । निर्वाचन आयोगले आचारसंहिता पूर्ण कार्यान्वयन गराउने दाबी गरिरहेको भए पनि मकवानपुरमा आचारसंहिता उल्लङ्घनका घटना दिन प्रतिदिन बढिरहेका छन् ।

दैनिकरुपमा विभिन्न पार्टीले गर्ने घरदैलो कार्यक्रमदेखि आमसभामा समेत सरकारी कर्मचारीले समेत सहभागीता जनाउँदै आएका छन् । निजामती कर्मचारी, शिक्षक, सार्वजनिक संस्थानका कर्मचारी र स्थानीय तहका कर्मचारीहरुले पनि आचारसंहितालाई बेवास्ता गरेका हुन् । कर्मचारीहरु विभिन्न पार्टीको चुनावी प्रचारप्रसारमा देखिएका छन् ।

तर, यस विषयमा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालयले कुनै चासो नदेखाएको सर्बसाधरणको गुनासो छ । सरकारी कर्मचारी, शिक्षकको हकमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष-विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नपाइने व्यवस्था गरिएको छ । स्थानीय तह निर्वाचन निर्देशिका २०७८ मा निर्वाचन कार्यालयले आचारसंहिता उल्लङ्घन भए नभएको अनुगमन गरी उल्लंघन भएको पाइए तुरुन्त रोक लगाउनु पर्ने व्यवस्था गरिएको छ । हेटौंडाको मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले मन्त्रीहरूले कुनै पनि दल वा उम्मेदवारको लागि मत माग्न नहुने बताए । उनले मन्त्री भनेकै राज्य भएकोले राज्यले मतदातालाई प्रभावित पार्नेगरी कसैको पक्षमा मत माग्न नहुने बताए । सरकारी कर्मचारीहरुले पनि आफैं संयमित भएर आचारसंहिता पालना गर्नुपर्ने उनको भनाइ छ ।

श्रेष्ठले यस विषयमा बुझेर आवश्यक कदम चाल्ने प्रतिक्रिया दिए । उसो त, प्रदेशका मन्त्रीहरु स्थानीय तहको निर्वाचनमा बढि केन्द्रित हुँदा प्रदेशको राजधानी हेटौंडामा भेटिन समेत मुस्किल पर्न थालेकोछ । राज्यमन्त्रीसहित १८ जना मन्त्री रहेको बागमती प्रदेशको राजधानी हेटौंडामा मन्त्री भेट्नै मुस्किल भएको हो । प्रदेश सरकारका मन्त्रीहरू स्थानीय तह निर्वाचनमा आफ्नो पार्टीका उम्मेदवारलाई जिताउन आ-आफ्नो गृहजिल्ला पुगेका छन् । आफ्नो दलका उम्मेदवारलाई जिताउन मन्त्रीहरू सक्रिय बन्दा मन्त्रालय भने निष्क्रिय बनेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Vacancy Announcement

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**
Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

## हाम्रो कुरा

# बर्षासंगै किसानको खुसीयाली

नेपाल कृषि प्रधान देश हो । यहाँ थुप्रै कृषियोग्य भूमिहरु छन् । यहाँका अधिकांश मानिसहरु कृषि पेशामा नै आत्मनिर्भर छन् । हिजो आज विदेशिने युवाहरु पनि नेपालमा नै केही गर्नुपर्छ भनेर स्वदेश फर्कने क्रम पनि जारी छ । यतिवेला वर्षा लागेको छ । किसानहरुलाई पानी परेसंगै खेतीपाती लगाउने चटारो परेको छ । लामो सयम खडेरी परेर वालीनाली सुक्दै ओइलाउँदै गएको छ । हिजोआज गर्मी बढेको छ । पानीको मुहानहरु सुकेका छन् । लगाएका वालीनाली पानी नपाएर त्यसै पर्हेलिएर बसेका छन् । हिजोआज परेको पानीले भने किसानलाई केही हद्सम्म राहत मिलेको छ ।

पानी पर्दा किसानहरु प्रफुल्लित भएका छन् । गर्मी मौसममा उखमौंलो गर्मीसंगै आजभोलि भेघ गर्जनसहित पानी पर्न थालेपछि किसानहरु हर्षित हुन थालेका हुन् । मानिसहरु खेतीपाती नगरी आफ्नो जिविकोउपार्जन गर्न सक्दैनन् । खेती गर्दा नेपालका अधिकांश भूभागहरु पाखो बारी रहेकाले यहाँको खेतीपातीको लागी आकशको पानीको भर पर्नु पर्छ । वर्षा लागेसंगै अधिकांश किसानहरुको बारीमा खनजोत गरी धान, मकै छर्ने बेला भएको छ । हिजो आज परेको पानीले किसानलाई केहि राहतको महशुस भएको छ । नेपालको हावापानीअनुसार तराई अन्नको भण्डार, पहाडलाई फलफूल खेती र उच्च पहाड तथा हिमाली क्षेत्रमा पशुपालन भए पनि न तराईमा क्षमताअनुसारको अन्न उब्जाउन सकेको छ, न पहाडमा फलफूलको विकास गर्न सकिएको छ न उच्च पहाड तथा हिमाली भेगमा पशुपालन गर्न सकिएको छ न जडीबुटीको खेती नै गर्न सकिएको छ ।

सम्भावनाहरूको पहिचानको लागि उचित योजना बनाउनु आवश्यक देखिन्छ । सबै साधन श्रोतहरू मध्ये मानव साधन तथा जनशक्ति महत्त्वपूर्ण मानिन्छ । यतिवेला विदेशीने युवा जनशक्ति पनि स्वदेश फर्किएका छन् । यिनीहरूको लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ । देशभरि करिब २५ प्रतिशत खेतबारी बाँझै रहेको एकातिर छ भने अर्कातिर खानपिनमा आयातित संस्कारहरूले निकै उतार चढाव आएको छ । खाने परिकार तथा खाने बानी फेरिएको छ । पोषण युक्त खाने कुराको उपभोगमा जोड दिइएको छ । हामीले जहाँ जे उत्पादन हुन्छ त्यहाँ त्यसको उपभोग नगरी उच्च पहाडी क्षेत्रमा आलु, उवा, कागुनो, चिनो, कोदो, फापर उत्पादन हुन्छ भने त्यहाँ भात खाने परम्परागत परिकार नखानाले खाद्य सुरक्षामा संकट पैदा भएको छ यसलाई समयमै ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २१ गते बुधबार ४ मे २०२२ । वैशाख कृष्ण तृतीया । चौलाथ्व तृतीया ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : ऋणभार बढनाले खिन्नता | **तुला** | : शैक्षिक कार्यमा सफलता |
| **वृष** | : आफन्तमा मनोमालिन्य | **वृश्चिक** | : आरोप प्रत्यारोपको सामना |
| **मिथुन** | : साझेदारी कार्यमा सफलता | **धनु** | : आफन्तबाट सहयोग |
| **कर्कट** | : वैदेशिक कार्यमा अवरोध | **मकर** | : शत्रुबाट बाधा सृजना |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : रोकिएका काम बन्नेछ |
| **कन्या** | : सन्तान पक्षबाट सन्तोष | **मीन** | : अनावश्यक झंझट बृद्धि |

# प्रहरीको अवकाशमा किन विभेद ?



शिवजी श्रेष्ठ

जब नेपालमा प्रहरीका प्रमुख वा उच्च अधिकारीहरूको अवकाशको क्षण आउँछ तब केही न केही चलखेल भएकै हुन्छ । अहिले सशस्त्र प्रहरी प्रमुख लगायत प्रहरीका उच्च अधिकारीहरूको अवकाश र नयाँ प्रमुख आउने दोसाँधमा ३० वर्ष नोकरी अवधिको प्रावधान ३२ वर्ष बनाउन गुपचुपमा गृह मन्त्रालयले अर्थ मन्त्रालयमा सहमतिका लागि पठाएको समाचार बाहिरिएको छ ।

गहन गृहकार्यबिना कुनै व्यक्ति विशेष वा समूलाई लक्ष्य गरेर सेवाअवधि बढाउन खोजिएको र यसबाट आफ्नो वृत्ति विकासमा असर पर्न सक्ने निष्कर्षसाथ केही प्रहरी अधिकारीहरू असन्तुष्ट छन् । यससम्बन्धी समाचार पनि आएको छ ।

दुवै प्रहरी संगठन, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, गृहमन्त्रालयको पूर्ण राजनीतिक नियन्त्रणमा चलेका छन् अर्थात यसरी नै चल्नुपर्ने नियतिबाट गुज्रिएका छन् । सेवा अवधि तन्काउने र छोट्याउने खेल विगतदेखि नै हुने गरेको छ । कोही अधिकारी जब आफू वृत्तिविकासका खुड्किला फटाफट चढ्दै गरेको हुन्छ तब उसलाई ३० वर्ष उचित लाग्छ । वृत्तिकासको खुड्किलो सकिएपछि सेवाअवधि बढाएर ३२ वा अझ बढी बनाउन इच्छा हुन्छ अनि पहुँचवालाहरूले चलखेल सुरू गर्छन् ।

नेपाल प्रहरीमा २०७० सालमा २०४० सालका ब्याचका अधिकृतहरू ३० वर्ष सेवाको प्रावधानबाट अवकाशको मुखमा पुग्दै गर्दा सेवाअवधि लम्ब्याउने खेलमा लागेका थिए । उक्त ब्याचपछिका डिआइजीहरू आइजिपी निवासमा पुगेर आफ्ना असन्तुष्टि प्रकट गरे । जुनियर ब्याचबाट संगठनको नेतृत्वका सम्भावित उम्मेदवारले आइजिपीलाई सम्बोधन गर्दै सोधेका थिए रे- के सरहरू आफ्नो युनिफर्म आर्यघाटमा पुगेर मात्रै खोल्ने हो ?

उक्त प्रश्नको सत्यासत्य जे भए पनि प्रहरीको सेवाअवधिको प्रावधान बारेमा बहस चलाउनु सान्दर्भिक भएको छ । हाल विशेष गरी प्रहरी अधिकारीहरूको अवकाश तीन किसिमबाट हुने गरेको छ उमेरको हद, नोकरी अवधि (३० वर्ष) र पदावधि । केही महिनाअघि प्रहरीको अवकाश हुने उमेरको हदबारे व्यापक चर्चा हुँदै थियो जब नेपाल प्रहरीका बहालवाला एक जना एसएसपी आफ्नै निवासमा झुन्डिएको अवस्थामा फेला परे । घटनाको कारण गहिराइमा पुगेर खोजी भएन तर धेरैले उनको असामयिक र अस्वाभाविक घटनालाई अवकाश र बढुवासँग जोडेर हेरे ।

ती एसएसपी ५५ वर्ष उमेर पुग्दै थिए र उमेर हदले चाँडै अवकाश पाउँदै थिए । प्रहरी नियमावलीमा एसएसपी ५५ वर्ष उमेर पूरा भएपछि सेवा निवृत्त हुने प्रावधान छ । भरखरै उनकै ब्याचका केही अधिकृतले ५५ वर्ष उमेर हदले अवकाश पाएका थिए । नेपाली सेनामा प्रहरीको एसएसपी समान दर्जाका फुल कर्नेलको उमेरको हद ५६ वर्ष छ, निजामतीमा सबैका लागि त ५८ वर्ष छ । डिआइजी र एआइजीको उमेरको हद ५६ वर्ष छ ।

अब केही महिनामा नेपाल प्रहरीका प्रतिभावान डिआइजी अनि भर्खरै बढुवा भएका एआइजी सहितका वरिष्ठ अधिकारीहरू उही ५६ वर्ष उमेरको प्रावधानले ३० वर्ष सेवा अवधि पनि पूरा नगरी अवकाशमा जानेछन् ।

२०४९ वैशाख १९ मा सेवा प्रवेश गरेका प्रहरी अधिकारीहरूले तीस वर्षे नोकरी अवधिको प्रावधानका कारण यी वैशाख १८ गते अवकाश पाउँदैछन् । अहिलेका आइजिपी ५३ वर्षको उमेरमा अवकाशमा जानेछन्, एआइजिपी लगायतका अन्य अधिकारीहरू पनि सोही उमेर समूहमा अवकाश पाउने पंक्तिमा छन् । नेपाली सेनामा सेकेन्ड लेफ्टिनेन्टमा भर्ना भएको व्यक्ति सेनापति हुँदा ४० वर्षभन्दा बढी सेवामा रहन्छ । सेनापतिको उमेर हद ६१ वर्ष छ । यसरी प्रहरी र सेनामा भेदभाव छ । आखिर किन ?

प्रहरीमा एसएसपीको ६ वर्ष र डिआइजीको ५ वर्ष पदावधि तोकिएको छ । यस प्रावधानअन्तर्गत केही होनहार अधिकृतहरू नोकरी अवधि २५ वर्ष पनि नपुगी घर गए । नेपाली सेनाका कर्नेल र ब्रिगेडियर जनरल ७ वर्ष बहाल रहन पाउँछन् । उल्लिखित विवरणबाट बुझ्न सकिन्छ कि नेपालको सरकारी सेवामा विभेदकारी अवकाश प्रणाली छ । नेपालका प्रहरी अधिकारीहरू यसबाट पीडित छन् । उनीहरू सक्रिय ऊर्जावान उमेरमै अवकाशमा जान बाध्य हुन्छन् । त्यसैले जागिरे जीवनको उत्तरार्धमा अवकाश पाउन लागेका अधिकारीहरू ३० वर्षे प्रावधान हटाउने प्रयास गर्छन् ।

अहिले पनि गृहबाट अर्थमा पुगेको प्रस्ताव यस्तै प्रयासको परिणाम हो । एउटा विडम्बना! ३० वर्षे प्रावधानलाई अवसर मानिरहेका अधिकृतहरू अवकाश पाउने बेलामा त्यसैलाई अवरोध देख्न थाल्छन् । यस्तो मनोदशा सधैं चलिरहन्छ । उमेरको हद, सेवाअवधि र पदावधि सबै अवकाशका लागि बाध्यकारी प्रावधान हुन् । बाध्यताकै कारण सेवाभाव हुँदाहुँदै असामयिक रूपमै प्रहरी अधिकारीले अवकाश पाउनु व्यक्तिको लागि मात्र नभएर संगठन र देशका लागि पनि नोक्सानी हो । यी अधिकारीका निम्ति संगठन र देशले धेरै लगानी गरेको हुन्छ । उनीहरूसँग अनेकौं तालिम र अनुभव हुन्छ, संगठनप्रति निष्ठा हुन्छ । तत्कालीन आइजिपी डिबी लामाले ३६ वर्ष सेवा गरेर अवकाश पाए । उनले प्रहरी सेवाको उत्तरार्द्धमा प्रहरी स्कुल र प्रहरी अस्पताल स्थापना गरे।

उपर्युक्त कारणहरूले प्रहरीको सेवाअवधि सम्बन्धी प्रावधानमा पुनर्विचार गर्नु र अवधि बढाउनु आवश्यक छ । यस बारेमा संसारका विकसित देशका प्रहरी सेवामा अवकाशसम्बन्धी प्रावधानहरूको दृष्टान्त लिन सकिन्छ । बेलायतको प्रहरीमा ६० र ६५ वर्ष उमेर हदको प्रावधान छ । द इम्प्लोइमेन्ट इक्वालिटी रेगुलेसन, २०११ मा तल्लो दर्जाका प्रहरीहरूको अनिवार्य अवकाशको उमेर ६० वर्ष छ भने सुपरीवेक्षक दर्जामाथि अर्थात चिफ इन्स्पेक्टरभन्दा माथिल्लो दर्जाका अधिकारीहरू ६५ वर्ष उमेरसम्म सेवामा रहन सक्छन् ।

अमेरिकामा ६० वर्षको उमेर हद तोकिएको छ । त्यहाँको सर्वोच्च अदालतले उमेर हद ६० वर्षभन्दा अघि स्वेच्छाले छाडेबाहेक सक्षम प्रहरीलाई जबर्जस्ती अवकाश दिन मिल्दैन भनेर मिसौरी र पेन्सिलभेनियाका प्रहरीको मुद्दामा सन् १९८६ मा फैसला गरेको थियो ।

भारतमा प्रहरी अधिकारीको अवकाशको उमेर हद ५८ वर्ष छ । पन्जाब पुलिस सर्भिस रुल्स, १९५९ को यो प्रावधानमा पन्जाब प्रहरीका चार जना डिएसपीले चुनौती दिँदै ६० वर्ष हुनु पर्ने मागसहित गृह मन्त्रालयमा सन् २०२१ अगस्टमा माग दर्ता गराएका थिए । भारतका प्रहरीले ५८ वर्षे उमेर हदमा पनि चित्त नबुझाएर ६० माग गरिरहेका छन् । यता नेपालमा एसएसपी, डिआइजी र एआइजीहरू भने ५५-५६ वर्षको उमेरमा अवकाश हुनु पर्ने बाध्यकारी व्यवस्था छ ।

नेपाल प्रहरीमा बढुवाको कथा बडो बिचित्रको छ । जागिरे जीवनको २७ वर्ष अर्थात ९० प्रतिशत समयमा तीन पद अर्थात डिएसपी, एसपी र एसएसपीमा बिताउन बाध्य अधिकारीहरू बाँकी तीन वर्षमा दुई पद गुजार्न बाध्य हुन्छन् । आइजिपी हुनेले यही तीन वर्षमा तीन पद गुजार्छ । यस्तो अवसर नगन्य अधिकारीले मात्रै पाउँछन् बाँकी त उमेर हद, सेवाअवधि वा पदावधि मध्ये एक कारणले डिआइजी नभई आवकाशमा जान्छन् ।

यसो हुनुको कारण चाहिँ सेवाको सुरू र मध्यावधिमा बढुवाको ट्राफिक जाम हो । संगठन वा तालुकवाला गृह मन्त्रालयले सामयिक रूपमा वृत्तिविकासको समुचित व्यवस्थापन गर्न नसकेको कारणले यस्तो अवस्था भएको हो । पीडा ती अधिकारीहरूले भोग्नु परेको छ जो अनुभवले खारिएको ऊर्जावान उमेरमा सेवाबाट बाहिरिन्छन् । अवस्था यस्तो छ कि २०७९ सालको चैत ११ गते अर्थात ११ महिनापछि आइजिपी हुनुपर्ने प्रहरी अधिकृत अहिले एसएसपी छन् । उनीहरू २०५१ चैतको ब्याचका हुन् । यो ब्याचबाट आइजिपी हुने व्यक्ति ११ महिनाभित्र दुई दर्जा पार गरेर जानुपर्छ । अवकाश र बढुवा प्रणालीमा सामयिक अध्ययन र सुधार नहुँदा कालान्तरसम्म प्रहरीका भावी पुस्ताले पनि यही नियति भोग्नु पर्ने छ ।

अहिले प्रसंगमा आएको ३० वर्षे सेवाअवधि हटाउनु पर्ने बहस सान्दर्भिक छ तर त्यो कुनै व्यक्ति, समूह वा ब्याचलाई लक्ष्य गरेर होइन समग्र संगठनको लाभ र यसका सदस्यहरूको वृत्तिविकासलाई ध्यानमा राखेर गरेको हुनु पर्छ । बरु यसमा अर्को तगारो बनेको उमेर हदको प्रावधानमा पनि समयानुकूल परिमार्जन आवश्यक छ । अनुभवी र ऊर्जावान अधिकारीले अनिच्छापूर्वक सेवाबाट हात धुनु नपरोस् ।

गृह मन्त्रालयले अहिले सशस्त्र प्रहरीमा मात्रै होइन नेपाल प्रहरीमा पनि सेवाअवधि ३२ वर्ष बनाउनु सान्दर्भिक हुनेछ । हचुवाका भरमा नभई विज्ञहरू समेतको अध्ययनका आधारमा दीर्घकालीनरूपमा प्रस्ताव अघि बढाउनु जरुरी छ । यस्ता प्रावधानहरू नियमावलीमा मात्रै होइन कानुनमै हुनुपर्छ ता कि सरकारले आफूखुसी संशोधन गर्न नसकोस् । ऐन हेरेर प्रहरी अधिकारीले आफ्नो वृत्ति विकासमा ढुक्क भएर काम गर्न सकोस् । आफ्नो वृत्तिविकासको लागि शक्ति केन्द्र धाउनु नपरोस् ।

सर्वोच्च अदालतले एक दशकअघि २०३९ सालका ब्याचका अधिकृतहरूले हालेको रिटमा तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठसहितको इजलासले प्रहरीमा सेवा अवधिसम्बन्धी प्रावधान ऐनमै समावेश गर्न र नियमावली संशोधनबाट तलमाथि नगर्न आदेश दिएको थियो तर अहिलेसम्म सरकारले त्यस्तो व्यवस्था गरेको छैन । गृह मन्त्रालयका सचिव र लोक सेवा आयोगका अध्यक्ष रहिसकेका उमेशप्रसाद मैनालीको हालै आएको एउटा प्रतिक्रियाले सरकार र प्रहरीको अवस्था प्रष्ट भएको छ ।

उनले लेखेका छन्- नेपाल प्रहरी र सशस्त्र प्रहरी कर्मचारीको सेवा र शर्तका प्रावधान जबसम्म नियमावलीमा रहन्छ, सरकारमा भएकाले आफ्नालाई च्याप्ने, अस्वाभाविक निर्णय लिने र त्यसले सिंगो संगठनलाई दुर्घटनामा पुऱ्याउने काम भइरहन्छ, पछिल्लो पटक सशस्त्रको सेवा अवधि ३२ पुऱ्याउने गृहको प्रस्ताव त्यसकै निरन्तरता हो, सरकारबाट हुने यस्ता स्वेच्छाचारी र आफू अनुकूलका निर्णय रोक्न यी प्रावधान ऐनमा समेटिनुपर्छ ।

उनले आफू गृहसचिवले हुँदा नै यस्तो प्रस्ताव अघि बढाउन बढाउन पहल गरिदिएको भए आजसम्ममा कति राम्रो भएको हुने थियो होला ! अब गम्भीर अध्ययनका साथ प्रहरीको अवकाशको व्यवस्था सुधार गरियोस् ता कि कुनै पनि प्रहरी अधिकारी असन्तुष्ट भएर सेवाबाट घर फर्किनु नपरोस् । -साभार: सेतोपाटी

# काठमाडौंमा किन हुन्छ धेरै मत बदर ?



विन्दुकान्त घिमिरे

> किन र केका लागि काठमाडौंको वडा विभाजन गर्दा भित्री पाटोलाई एउटा मापदण्ड र बाहिरी पाटोलाई अर्को मापदण्ड लागु गरियो ? भन्ने प्रश्नको उत्तर कसले दिने ?

सात वर्षअघि स्थानीय तहको संरचनाका क्रममा पालिकाको सीमांकन गर्दा धेरै नै लापरवाही तथा बेइमानी भएको टिप्पणी गरिएको थियो । भूगोल, जनसंख्या र भाषागत आधारमा पालिकाको सीमांकन गरिएको दाबी सरकारमा रहने ठूला दलका नेताले गरेका थिए । धेरै ठाउँमा जनसंख्या, भूगोल तथा भाषागत आधारमा पालिकाको सीमांकन गरिएको देखिन्छ ।

तर, मुलुकको राजधानीसमेत रहेको काठमाडौं उपत्याकालाई हेर्ने हो भने पालिकाको संरचना तथा सीमांकन गर्दा न भूगोललाई आधार बनाएको देखिन्छ, न जनसंख्यालाई आधार बनाएको नदेखिन्छ, न त भाषा तथा संस्कृतिलाई नै सीमित व्याक्तिको स्वार्थलाई आधार बनाएर पालिकाको संरचना तथा सीमांकन गरेको देखिन्छ । यसको सबै भन्दा भद्दा नमुना हो, काठमाडौं महानगर पालिकाको संरचना तथा सीमांकन ।

काठमाडौं महानगरपालिकाका वडाको सीमांकन गर्दा न जनसंख्याको सन्तुलन मिलाइको छ, न भूगोलको सन्तुलन मिलाइएको छ । न स्थानीय भाषा तथा संस्कृतिको सन्तुलन मिलाइएको छ । के कति भद्रगोल रुपले गरिएको छ त काठमाडौं महानगरपालिकाको वडाको विभाजन तथा सीमांकन ? भन्ने सन्दर्भमा धेरैले चासो राखेका छैनन् । यसलाई धेरैले मुद्दा बनाएको समेत देखिँदैन ।

काठमाडौं महानगरपालिकाका जनताले दुख पाउनुमा वडाको विभाजन तथा सीमांकनमा क्रममा अपनाइएको बेइमानी मुख्य कारक हो वा होइन ? भन्ने सन्दर्भमा पनि खासै बहस भएको छैन । पुनसंरचनापछिको पहिलो अर्थात् गत स्थानीय निर्वाचनमा त उमेद्वारले यो समस्या उठाएनन् उठाएनन्, यस पटक पनि यो समस्याबारे कुनै उमेद्वारले बोलेको देखिन्न । करिव ९ लाख जनसंख्या रहेको काठमाडौं महानगरपालिकालाई ३२ वटा वडामा विभाजन गरिएको छ । यसरी विभाजन गरिँदा एउटा वडामा सरदर ४५ हजार जनसंख्या हुनुपर्ने हो । तर, पाँच हजार भन्दा कम जनसंख्या भएका वडा १० वटा छन् । ६० हजार भन्दा बढी जनसंख्या भएका वड नम्बर ८ वटा छन् । उदाहरणका लागि वडा नम्बर २३ वसन्तपुर क्षेत्रको एउटा सानो टोलमा मात्रै सीमिति छ । उक्त वडाको जनसंख्या जम्मा ४ हजार ६ सय छ । तर, बडा नम्बर १६ मा ८४ हजार ४ सय जनसंख्या छ । पकनाजोल, कालधारा, सोह्रखुट्टे, नयाँ बजार, खुसिभुँ, म्हैपी, बालाजु, माछापोखरी, बाइपास, चमती, वनस्थली, बोहोराटार, एकलटार, टौडोल गायत करिब ४४ वटा टोल वडा नम्बर १६ मा समेटिएको छ ।

वडा नम्बर २३ भन्दा वडा नम्बर १६ जनसंख्याका हिसावले १६ गुणा ठूलो र भूगोलका हिसाबले २२ गुणा ठूलो छ । वडा नम्बर २३ र वडा नम्बर १६ लाई त उदाहरणका रुपमा मात्रै प्रस्तुत गरिएको हो । वसन्तपुर, इन्द्रचोक, असन तथा यस आपसासको क्षेत्रलाई प्राचलित काठमाडौं अर्थात् चलन चल्तीको भाषामा कोर एरिया भन्ने गरिन्छ । यो कोर एरियामा १० वटा वडा छन् । यी १० वटा वडाको सबै जनसंख्या जोड्दा ५० हजार पनि नाघ्दैन । यी १० वटा वडाको सबै भूगोल जोड्दा ३ वर्गकिलोमिटर क्षेत्रफल पनि पुग्दैन । तर, वडा नम्बर १६, वडा नम्बर ३२ वडा नम्बर ३१ वडा नम्बर १४ लाई हेर्ने हो भने एउटै वडाको क्षेत्रफल ६ वर्गकिलोमिटर भन्दा बढी छ । जनसंख्या पनि ६० हजार भन्दामाथि छ ।

यसरी भूगोल र जनसंख्यालाई लात मारेर वडाको सीमांकन गर्दा जनताले स्थानीय सरकारबाट सेवा लिन कति कष्ट सहनु परेको छ ? भन्ने प्रश्नतर्फ कुनै पनि उमेद्वारले सरोकार राखेको पाइन्न । उदाहरणका लागि कतिपय वडाका जनता पाँच मिनेटको पैदल दूरीमा वडा कार्यालय पुग्छन् । तर, कतिपय वडाका जनता वडा कार्यालय पुग्न कम्तिमा एक घण्टा पैदल हिँड्नु पर्ने हुन्छ । सार्वजनिक यातायत पनि दुई पटक परिवर्तन गर्नुपर्ने हुन्छ । उदाहरणका लागि वडा नम्बर १६ को वडा कार्यालय सोह्रखुट्टेमा छ । टौडेलका मान्छे सोह्र खुट्टे पुग्न वनस्थलीसम्म एउटा गाडीमा र त्यसपछि अर्को गाडीमा चढ्नुपर्ने अवस्था छ । यसगरी वडा नम्बर ३२ को वडा कार्यालय जडीबुटी चोक भन्दा २ किलोमिटर उत्तरतर्फ छ । कोटेश्वर क्षेत्रका मान्छे वडा कार्यालय जान दुई पटक गाडी चढ्नुपर्छ । एक घण्टा पैदल या दुई वटा गाडी परिवर्तन गरेर वडा कार्यालयमा सेवा लिन मान्छे पुग्छन् । तर, भीड यति हुन्छ कि सेवा लिनका लागि या त दलालमार्फत् कर्मचारीलाई घुस दिनुपर्ने हुन्छ, या त हप्तौंसम्म धाउनु पर्नेहुन्छ ।

एकातिर काठमाडौं महानगरपालिकाका बाहिरी पाटोका जनतालाले वडा कार्यालयबाट सेवा लिन मात्रै सास्ती पाउनु परेको छैन । प्रतिनिधित्वबाट समेत ठगिनु परेको छ । महानगर पालिकामा एउटा वडाबाट अध्यक्ष र चार जना सदस्य गरेर पाँच जनाको प्रतिनिधित्व हुन्छ । तर, कोर एरियाका मान्छेले पाँच हजार जनसंख्या बराबर पाँच जना प्रतिनिधि छान्छन् । बाहिरी पाटोका वडाका मान्छेले ८४ हजार जनसंख्या बराबर ५ जना प्रतिनिधि छान्छन् ।

उदाहरणका लागि भित्री पाटो अर्थात् कोर एरियामा रहेका ५० हजार जनताबाट महानगर पालिकामा ५५ जनाको प्रतिनिधित्व हुन्छ । तर, बाहिरी पाटो अर्थात् ८४ हजार जनसंख्या रहेको वडा नम्बर १६ बाट ५ जनाको प्रतिनिधित्व हुन्छ । ७७ हजार जनसंख्या रहेको वडा नम्बर ३२ ले पठाउने पनि पाँच जना प्रतिनिधि नै हो । पाँच हजार जनसंख्या भएको वडा नम्बर २२ ले पठाउने पनि पाँच जना प्रतिनिधि नै हो ।

किन र केका लागि काठमाडौंको वडा विभाजन गर्दा भित्री पाटोलाई एउटा मापदण्ड र बाहिरी पाटोलाई अर्को मापदण्ड लागु गरियो ? भन्ने प्रश्नको उत्तर कसले दिने ? यो अलग मापदण्डका कारण जनताले परेको अप्ठेरो प्रति किन कोही बोल्दैनन् ? चर्काचर्का कुरा गरेर भोट मागिरहेका उम्मेद्वारलाई यो कुराको अवगत नभएको हो कि ? बुझ पचाएका हुन् ? भन्ने प्रश्न काठमाडौं महानगरबासीको छ । वडाको सीमांकनका क्रममा भएको बेइमानी कै कारण हुनसक्छ । काठमाडौं महानगरपालिकाका मतदाताले स्थानीय निर्वाचनमा खासै चासो नदिएको गत निर्वाचनको परिणामले पनि देखाउँछ ।

गत स्थानीय निर्वाचनको मत परिणमको तथ्यांक केलाउने हो भने काठमाडौं महानगरपालिकाका भित्री पाटो र बाहिरी पाटोका जनताले अलग अलग ढंगले विद्रोह गरेको देखिन्छ । भित्री पाटोका जनताले गरेको विद्रोहको रुपमा कांग्रेसका मेयर पद र उपमेयर पदका उमेद्वारले प्राप्त गरेको मत परिणामलाई हेर्ने सकिन्छ । मेयर पदका उमेद्वार राजुराज जोशी करिब २० हजार मत अन्तरमा पराजित हुँदै गर्दा उपमेयर पदकी उमेद्वार हरिप्रभा खड्गी करिव ३० हजार मत अन्तरले विजयी बनिन् । कांग्रेसका मेयर उमेद्वार जोशीले कुल खसेका मतको २२ प्रतिशत मात्रै प्राप्त गरे । तर, उपमेयर खड्गीले ३० प्रतिशत मत प्राप्त गरिन् ।

यसैगरी गत निर्वाचनमा काठमाडौं महानगरपालिकामा २ लाख ७१ हजार मतदाता थिए । १ लाख ९७ हजारले मतदानमा भाग लिए । यो भनेको ७३ प्रतिशत हो । काठमाडौंमा ७३ प्रतिशत मत खस्नु भनेको राम्रै हो । तर, मेयर पदमा २९ हजार ९ सय ४१ जनाले भोट बदर गरिदिए । धेरैले मेयर पदको कुनै पनि चुनाव चिह्नमा छाप नै लगाएनन् । उपमेयरको हकमा भने अझ कहाली लाग्दो अवस्था देखियो । उपमयेर पदमा ७६ हजार ४ सय ६४ भोट बदर भयो । यो भनेको ३९ प्रतिशत हो । काठमाडौंका करिब ९० प्रतिशत मतदाता शिक्षित मात्रै होइनन् । साक्षर पनि छन् । तर, मेयर पदमा १५ प्रतिशत भोट बदर भएको देखिन्छ भने उपमेयर पदमा ३९ प्रतिशत भोट बदर भएको देखिन्छ ।

देश भरका ७ सय ५३ पालिकामध्ये जतिसुकै पिछडिएको पालिकामा पनि १० प्रतिशत भन्दा बढी भोट बदर भएको तथ्यांक छैन । तर, देशकै नीति निर्माण गर्ने तहमा रहेका मतदाता बसोबास गर्ने काठमाडौं महानगरपालिकामा भने मेयर पदमा १५ प्रतिशत र उपमेयर पदमा ३९ प्रतिशत भोट बदर भए । उपमेयरपदमा ३० प्रतिशत भोट प्राप्त गरेर खड्गीले चुनाव जितिरहेको अवस्थामा ३९ प्रतिशत मतदाताले भोट रद्ध गरिदिनु भनेको सामान्य विरोध होइन । रन्जु दर्शना र किशोर थापाले प्राप्त गरेको २१ प्रतिशत भोटको विश्लेषणको त छुट्टै पाटो छँदैछ । कतै वडा विभाजनका क्रममा गरिएको बेइमानीको प्रकट रुप त होइन यो ? *-साभार: खबरहब*



हेटौंडा-४, हुप्रचौरमा आइतबार नेकपा एमाले मकवानपुरले गरेको चुनावी आमसभाको क्रममा भएको फोहोर सभा गर्दै एमाले केन्द्रीय सदस्य तथा मकवानपुर इञ्चार्ज रामेश्वर रानासहित युवा नेताहरु अमृत बर्तौला, संग्राम बल । सभामा सभागीहरुले गरेको फोहोर सफा गर्न जिल्लास्तरका नेतादेखि कार्यकर्ता सहभागी थिए । - *(तस्वीर: साझाकुरा)*

# सूचना प्रविधिमा महिलाको सहभागिता बढाउन जोड

काठमाडौं/सूचना प्रविधिमा महिलाको सहभागिता बढाउन सरोकारवालाहरूले जोड दिएका छन् । अन्तर्राष्ट्रिय गर्ल्स इन आइसिटी दिवसको अवसरमा वुमन इन इन्फर्मेसन टेक्नोलोजी (डब्लुआईआईटी) आयोजना गरेको एक कार्यक्रममा सरोकारवालाहरूले यस्तो बताएका हुन् ।



उक्त दिवसको अवसरमा डुब्लुआईआईटीले बिहीबार 'सेफर इन्टरनेट एक्सेस फर गर्ल्स' सम्मेलन आयोजना गरेको थियो । सुरक्षित इन्टरनेट पहुँचको नारामा बोकेर सम्पन्न भएको उक्त कार्यक्रममा सूचना प्रविधि क्षेत्रमा आबद्ध करिब ५० महिलाहरूको सहभागिता थियो ।

कार्यक्रममा सूचना प्रविधि क्षेत्रमा स्थापित अब्बल महिलाहरूले सुरक्षित इन्टरनेट पहुँचका विषयमा कार्यपत्र समेत प्रस्तुत गरेका थिए । जसमा साइबर सुरक्षा कम्पनी मुनाल टेक प्रालीकी संस्थापक सीईओ मोना न्याँचो, एनसेलको इन्फर्मेसन सेक्युरिटी यूनिट हेड यास्मिन भट्टराई र नेपाल प्रहरीकी प्राविधिक तथा इन्जिनियर दिपा भट्टराईले साइबर सुरक्षाका विविध आयाम, थ्रेट र जनचेतनामुलक कार्यपत्र प्रस्तुत गरेका थिए ।

यसैगरी २०२० की आइसिटी आईकन प्राध्यापक तिमिला यामी थापाले आइसिटी क्षेत्रको आफ्नो यात्रा अनुभव सुनाएकी थिइन् । कार्यक्रममा साइबर सुरक्षामै आधारित रहेर एउटा प्यानल छलफल कार्यक्रम समेत आयोजना गरिएको थियो । उक्त प्यानलमा साइबर सेक्युरिटी कम्पनी ईमिनेन्स वेजकी विजनेस डेभलपमेन्ट हेड निशा उपाध्याय, नेपाल बैंक लिमिटेडकी इन्फर्मेसन सेक्युरिटी अफिसर आईएसओ बन्दना शर्मा, नेपाल टेलिकमकी निर्देशक विनिता श्रेष्ठ र साइबर सुरक्षा सेवा प्रदायक कम्पनी लगपोइन्टकी सेक्युरिटी अनुसन्धानदाता शुस्मा शर्मा रहेका थिए । प्यानल छलफललाई क्यान महासंघकी वरिष्ठ उपाध्यक्ष तथा डब्लुआईआईटीकी कार्यकारी सदस्य रत्न तारा वैद्यले मध्यस्थता गरेकी थिइन् । छलफलमा सम्पूर्ण महिलाहरूले आफ्नो क्षेत्रमा हुँदै आइरहेको साइबर सुरक्षाका कार्यहरूको बारेमा बोलेका थिए ।

यसैगरी कार्यक्रममा प्रमुख अतिथिका रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव बैकुण्ठ अर्याल उपस्थित थिए । कार्यक्रममा बोल्दै सचिव अर्यालले आइसिटी क्षेत्रमा महिलाको सहभागिता बढाउन र साइबर सुरक्षा कायम गर्न आगामी वर्षको बजेट तथा नीति कार्यक्रममा समेत व्यवस्था गर्ने बताए ।

त्यसका लागि आइसिटी क्षेत्रका विज्ञ महिलाहरूको परामर्शको खाँचो मन्त्रालयलाई सदैव रहेको उनले जानकारी गराए । कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालको समेत उपस्थिति थियो । कार्यक्रममा बोल्दै खनालले आईसीटीमुलक कार्यक्रमहरू सहर केन्द्रित भएको भन्दै उपत्यका बाहिरका सम्पूर्ण सुधुर क्षेत्रमा समेत यस्ता किसिमका कार्यक्रमहरुलाई पुर्याउन सुझाव दिँदै प्राधिकरण सहयोगका लागि सदैव तयार रहने प्रतिवद्धता जनाए ।

यसैगरी कार्यक्रममा बोल्दै डब्लुआईआईटीकी अध्यक्ष गुनाकेशरी प्रधानले ९ जनाबाट सुरु भएको डब्लुआईआईटीले आयोजना गरेको यस्तो कार्यक्रमले प्रविधिको क्षेत्रमा संलग्न सम्पूर्ण महिलाहरूलाई एकैथलोमा ल्याएर सम्बन्ध सञ्जाल विस्तार गर्न सहयोग पुराएको बताए ।

कार्यक्रममा डब्लु-आइआईटीले देशव्यापीरुपमा आयोजना गरेको ग्राफिक्स डिजाइन प्रतियोगिताका तीन विजेतालाई समेत सम्मान पुरस्कार प्रदान गरेको थियो । जसमा प्रथम हुने सेन्ट जेभियर्सकी सरिता शाक्यले १० हजार, दोस्रो हुने इस्लिङटन कलेजकी स्तुती श्रेष्ठले ५ हजार र तेस्रो हुने अरनिको उच्च माध्यमिक विद्यालयकी प्रतिक्षा प्रधानले ३ हजार रुपैयाँ राशीको पुरस्कार र सम्मानपत्र प्राप्त गरेका थिए ।

साथै डब्लुआईआईटीले बैशाख १८ गते आइतबार साइबर सुरक्षा क्षेत्रमा आबद्ध महिलाहरूका लागि बगभीसँगको सहकार्यमा ईस्लिङ्टन कलेजमा लाइभ ह्याकाथन पनि आयोजना गरेको छ ।

बिहान साढे ८ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन भएको उक्त ह्याकाथनमा प्रतिस्पर्धी सुरक्षा अनुसन्धानकर्ताहरुले चार घण्टाभित्र 'फ्ल्याग क्याच' गरेका थिए । सो प्रतिस्पर्धामा प्रथम हुने गम्भिरता पौडेल १० हजार, दोस्रो हुने निकी सिंहलाई ५ हजार र तेस्रो हुने क्षिरिङ डोल्कार शेर्पालाई ३ हजार नगद प्रदान गरिएको थियो ।

विजेतालाई बगभीको गिफ्ट दिइएको थियो भने ह्याकाथनमा सहभागी भएका सबैलाई सर्टिफिकेट पनि प्रदान गरिएको थियो ।

-साभार: रातोपाटी

# "यहाँबाट सिक्ने भन्दापनि अर्को स्तरमा कसरी पुग्ने भन्ने सोच छ"- सन्दीप

काठमाडौं/नेपाली क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेले यहाँबाट सिक्ने भन्दापनि अव अर्को स्तरमा कसरी पुग्ने भन्ने सोच रहेको बताएका छन् । सोमबार भारी वर्षाको कारण नेपाल र जिम्बावे ए बीचको दोस्रो टि२० अभ्यास खेल रद्ध भएपछि सन्दीपले उक्त प्रतिक्रिया दिएका हुन् ।



'सिरिज जोगाउन कुनै दबाब छैन । एउटा खेल थियो । दुर्भाग्य सोमबारको खेल पानीको कारण रद्ध भएपछि पक्कैपनि हामी सिरिज जित्न त सक्दैनौं । बुधबार हामी राम्रो प्लानको साथ आउने छौं । सोमबार हामीले केहि सुधार गर्न सक्थ्यौं । जिम्बावेको टोलीले पनि राम्रो खेलेको हो', वर्षाको कारण खेल रद्ध भएपछि सन्दीपले भने ।

'एकदमै राम्रो ब्याटिङ विकेट (पिच) छ । १ सय ९० रन पनि बचाउन सकिन्छ भन्ने पक्का छैन । यस्तो विकेट बाहिर पनि पाउन गाह्रो भएको छ । बलरहरुको लागि यो एउटा राम्रो अवसर पनि हो । यदि हामीले भविष्यमा यस्तो विकेट पाउँछौं र ब्याटरहरु राम्रो हुन्छ भने कसरी अघि बढ्ने भन्ने हुन्छ', सन्दीपले भने ।

यो अभ्यास खेल हुँदा नेपाललाई गुमाउनु केहि छैन । त्यसैले फाइनलमा परिवर्तन गर्दै युवा खेलाडीलाई अवसर दिनसक्छ । सन्दीप त्यसको लागि सोच्ने बताउँछन् । 'अझै त्यसको लागि हामीले सोच्नुपर्ने सायद भोली विश्राम छ । यदि अभ्यास भएको खण्डमा हामीले केहि गर्न सक्छौं भने पक्कैपनि सोचौंला । मलाई लाग्दैन त्यस्तो नराम्रो भएको छ । पावर प्ले विकेट राम्रो हुँदा रन पनि सजिलै बन्छ । त्यसैले पावर प्ले बलिङ साइड नराम्रो नै देखिन्छ', उनले भने ।

नेपालले दुबै खेलमा पावर प्लेमा राम्रो गर्न सकेन । सन्दीप एक दुई बल नराम्रो गरेको बताउँछन् । 'एक दुई बल जुन लाइन एण्ड लेन्थको बल मिस गरि रहेका छौं । त्यसमा हल्का सुधार गर्न सकिन्छ । अर्को टोलीलाई पनि हामीले कदर गर्नु पर्नेहुन्छ । उनीहरुको सट छनोटहरु एकदमै राम्रो थियो । कुनै नराम्रो सट खेल्दा दुई विकेट पनि पाएका छौं', सन्दीपले भने ।

पछिल्लो दुई वर्षमा टियुको पिच ब्याटिङ सहयोगी बनेको छ । त्यसैले बलरलाई पनि चुनौती देखिन्छ । सन्दीप बलरको लागि राम्रो पाठ रहेको बताउँछन् । 'मैले सधैं विकेट स्पिन वा स्वलो पाउँछु भन्ने सोच राख्नु हुँदैन । किनभने म विकास गर्न चाहन्छु भने त्यो चुनौती पनि चाहिन्छ । यस्तो विकेट हुनु बलरहरुको लागि राम्रो चुनौती हो ।'

मैदान टेस्ट र एसोसियट टोलीबीचको अन्तर प्रष्ट देखिन्छ । नेपाल र जिम्बावे ए बीच टियु मैदानमा अन्तर देखिन्छ । 'पक्कैपनि म विदेशी लिग पनि खेलेर आएको छु । त्यो मानसिक रुपमा फरक भईहाल्छ । तपाईं एउटा राम्रो खेलाडीसँग खेल्नुहुन्छ भने मानसिक रुपमा तयार फरक रुपमा हुन्छ । वहाँहरुले गर्न सक्नुहुन्छ भने हामीले पनि सक्छौं भन्ने हुन्छ । विगतको समयमा टि२० त्यति धेरै खेल्ने थिएनौं । अहिले पपुवा न्युगिनी, ओमान, कुनैपनि राम्रो टिमसँग खेल्दा हामीलाई मानसिक दबाब हुँदैन,' उनले भने ।

'नढाटी भन्दा म यहाँबाट सिक्न भन्दापनि अर्को स्तरमा कसरी पुग्ने भन्नेछ । ए टिमबाट सिक्नुपर्ने भन्दा पनि हामीले त्यो मानसिक रुपबाट माथि उठेर उपल्लो स्तरको टिमसँग कसरी खेल्ने, योजना कसरी बनाउने, जित्ने र मुख्य टोलीलाई यहाँ कसरी लिएर आउने भन्ने मेरो सोच छ', हामीले यो सिरिजबाट के सिक्न पाइन्छ भन्ने प्रश्नमा सन्दीपले भने ।

पहिलो खेल नेपाल जिम्बावे ए सँग ६ विकेटले पराजित भएको थियो । दोस्रो खेलमा टस हारेर पहिला ब्याटिङ थालेको जिम्बावे ए ले ४.३ ओभरमा ४८-२ को अवस्थामा भारी वर्षाको कारण खेल स्थगित भएको थियो । नेपालले तेस्रो टि२० अभ्यास खेल अव बुधबार खेल्नेछ । त्यसपछि जिम्बावे ए सँग नेपालले तीन एकदिवसिय अभ्यास खेल खेल्नेछ । -साभार: हाम्रो खेलकुद

# इन्टरनेट बन्द नहुने व्यवस्था मिलाउन निर्वाचन आयोगको निर्देशन




काठमाडौं/निर्वाचन आयोगले इन्टरनेट सेवा निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ । इन्टरनेट सेवा प्रदायकहरुको संस्थाले कर विवादका इन्टरनेट सेवा अवरुद्ध हुनसक्ने चेतावनी दिएका बेला आयोगले यस्तो ध्यानाकर्षण गराएको हो ।

निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले इन्टरनेट अवरुद्ध भएमा निर्वाचन व्यवस्थापन समेत कठिनाई हुने भएकाले त्यसतर्फ नेपाल सरकारलाई आवश्यक पहल गर्न निर्देशन दिने निर्णय भएको बताए ।

'इन्टरनेट बन्द भएमा नागरिकको हक र अभिव्यक्ति स्वतन्त्रतामा बाधा पुग्ने भएकाले आयोग सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउँछ' आयोगको निर्णयवारे सहायक प्रवक्ता अर्यालले भने, 'इन्टरनेट सेवा बन्द भएमा निर्वाचन सञ्चालनको काममा समेत गम्भिर असर पर्नसक्ने भएकाले त्यो अवस्था अवस्था नआउने अवस्था निर्माण गर्न सूचना तथा सञ्चार मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको हो ।' इन्टरनेट सेवा प्रदायकहरुले तिर्ने करको बारेमा विवाद हुँदा उनीहरुले केही रकम तिरेका छैनन् । कर बक्यौता रहेको भन्दै त्यो नतिरी विदेशमा रकम भुक्तानी लैजान नदिने भनी सञ्चार मन्त्रालयले निर्णय गरेको थियो ।

इन्टरनेट सेवाका लागि सेवा प्रदायकहरुले विदेशमा रकम भुक्तानी गर्नुपर्छ । रकम भुक्तानी रोकिएको दावीसहित सेवा प्रदायकहरुले इन्टरनेट अवरुद्ध हुनसक्ने चेतावनी दिएका हुन् । यही विवाद कायम रहेको बेला निर्वाचन आयोगले इन्टरनेट सेवा अवरुद्ध भए आफ्नो काम कारबाहीसमेत प्रभावित हुने भन्दै सरकारलाई आवश्यक व्यवस्था गर्न निर्देशन दिएको हो ।

निर्वाचन आयोगले आचारसंहिता विपरित काठमाडौंका विभिन्न ठाँउमा राखिएका प्रचार प्रसारका सामग्री जफत गरेको छ । अनि सामाजिक सञ्जाल प्रयोगका क्रममा उम्मेदवारप्रति गालीगलौज नगर्न र मिथ्या सूचना सम्प्रेषण नगर्न पनि चेतावनी दिएको छ ।

अनि कुनै पक्ष निर्वाचित हुने वा पराजित हुने भनी समाचार र विश्लेषणजन्य सामग्री प्रेषण नगर्न पनि सञ्चारमाध्यमहरुको ध्यानाकर्षण गराएको छ । काठमाडौंबाट एक दिनमा ढुवानी गर्न सकिने बाहेकका ठाँउमा मतपत्र लगायतका निर्वाचन सामग्री ढुवानी भइसकेको भन्दै निर्वाचन आयोगले ती ठाउँमा पनि अब ढुवानी हुने जनाएको छ । -साभार: अनलाईनखबर

# एन्फा प्रदेश कमिटीको निर्वाचन स्थगित

काठमाडौं/अखिल नेपाल फुटबल संघ एन्फाले सातवटै प्रदेश कमिटीको पूर्वनिर्धारित निर्वाचन कार्यक्रम स्थगित गरेको छ ।

यसअघि एन्फाले वैशाख १९ देखि २४ गतेसम्म प्रदेश कमिटीको निर्वाचन गर्ने कार्यतालिका प्रकाशन गरेको थियो ।

एन्फाका महासचिव इन्द्रमान तुलाधरले सातै प्रदेश कमिटीका नाममा पत्र लेख्दै चुनावी कार्यक्रम विविध कारणले स्थगित गर्नुपरेको जानकारी गराएका छन् । एन्फाले प्रदेश कमिटीको निर्वाचनका लागि वैशाख १३ गते पत्राचार गरेको थियो । यसबीचमा जिल्ला कमिटीको निर्वाचन सम्पन्न नभएकाले प्रदेशको चुनाव स्थगित गरिएको हो । सुर्खेत र गोरखा जिल्ला फुटबल संघको चुनाव गर्न बाँकी छ ।

एन्फाको नयाँ नेतृत्वका लागि असार ६ गते निर्वाचन हुँदैन । त्यसका लागि प्रदेशबाट मतदान प्रतिनिधिहरु आउनेछन् ।

-साभार: अनलाईनखबर

# गोहीका ५१९ अण्डा संकलन

चितवन/चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने राप्ती र नारायणी नदीबाट घडियालका ५१९ वटा अण्डा संकलन गरिएको छ । ती नदी किनारमा भेटिएका १६ वटा गुडबाट अण्डा संकलन गरिएको हो ।

निकुञ्जभित्र रहेको गोही प्रजनन् केन्द्र हेर्दै आउनुभएका सरोजमणि पौडेलका अनुसार राप्तीका १० गुड र नारायणीका छ गुडबाट अण्डा संकलन गरिएको हो । ती दुई नदीमा भेटिएकामध्ये आठ वटा गुडका अण्डा ल्याइएको छैन । ती दुई नदीबाट गत वर्ष ४३६ वटा अण्डा ल्याइएको थियो । ती अण्डाबाट २५८ वटा बच्चा कोरलिएका थिए ।

विगत दुई वर्षदेखि प्रजनन् केन्द्रमा पारेका अण्डाबाट बच्चा कोरलिएका छैनन् । त्यहाँ २०३५, २०३६ र २०३७ सालका एक भाले र १२ वटा पोथी गोही छन् । त्यसयताका साना ठूला गरी ५३१ गोही रहेको पौडेलले जानकारी दिए ।

प्रजनन् केन्द्रमा भाले बुढो भएका कारण बच्चा नकोरलिएको हुनसक्ने अनुमान छ । प्रजनन् केन्द्रमा रहेका अन्य गोही साना भएकाले भाले पोथी पहिचान हुन सकेका छैनन् । पौडेलका अनुसार राप्ती र नारायणी नदीमा भने पाँच वटा भाले गोही देखिएका छन् ।

नदीमा भाले गोही नदेखिएपछि केही वर्षअघि बबइबाट एउटा भाले ल्याइएको थियो । राप्ती र नारायणी नदीमा अण्डा संकलन गरी बच्चा कोरलेर हुर्काएर नदीमा छोड्ने गरिएको छ ।

-साभार: सेतोपाटी

# फिल्मभन्दा नाटक मनपर्ने कार्म

काठमाडौं/अभिनेता कार्म रंगमञ्च हुँदै फिल्ममा भित्रिएका हुन् । स्कूले जीवनदेखि नै उनी नाटकसँग नजिक थिए ।



स्कूलमा हुने नाटकमा उनी अनिवार्य अभिनय गर्थे । पछि गुरुकुलमा लामो समय नाटकमा काम गरेका उनलाई रंगमञ्चले नै फिल्मको हिरो बन्ने बाटो खोल्यो । फिल्म 'सानो संसार'बाट अभिनेताको रुपमा सुखद् डेब्यू गरेका उनी फिल्ममा आएपछि पनि नाटकबाट टाढा हुन सकेका छैनन् ।

कोरोना महामारीभन्दा अगाडि 'आर्ट' नामक एक नाटकमा अभिनय गरेका उनी फिल्मभन्दा आफूलाई नाटकमै काम गर्न मनपर्ने बताउँछन् । एक भेटमा कार्मले भने- 'तीन वर्षपछि मैले हालै 'उलार' नाटक हेरेको थिएँ ।

नाटक हेरेर निस्कने बेला मैले निहालेर मञ्चतर्फ हेरेँ । त्यसबेला मलाई चुम्बकले तानेको भैंm भान भयो । मैले किन नाटकमा काम गरिरहेको छैन भन्ने प्रश्न मनमा उठ्यो ।'

नाटकप्रति आफ्नो बेग्लै लगाव रहेको र नाटकबाट टाढा बस्ने कुराको आफूले कल्पना पनि गर्न नसक्ने उनी बताउँछन् । 'कतै फिल्मको छायांकन भइरहेको छ भने मलाई हेर्न पनि मन लाग्दैन । फिल्मको छायांकनले मलाई तान्दैन,' उनी अगाडि भन्छन्, 'तर, कहिँ नाटक भइरहेको छ भने म हेर्छु । सायद थिएटरबाट आएका सबैलाई नाटकप्रति यो अट्याचमेन्ट हुन्छ होला ।'

उनी थिएटरमा जत्ति आफूले फिल्ममा मेहेनत नगरेको पनि सहर्ष स्वीकार गर्छन् । फिल्ममा चित्तबुझ्दो काम गर्न सकिएन भन्ने कुरा आफूलाई सधैं लाग्ने गरेको उनको आत्मबोध छ ।

उनी भन्छन्, 'नाटक र फिल्ममा हामीले गर्ने अभिनय नै हो । तर, थिएटरमा नाटक गर्नुअघि रिहर्सलमा बसेर क्यारेक्टरलाई निचोड्न जसरी मेहेनत गर्छौं, त्यो चाहिँ मैले अहिलेसम्म फिल्ममा भेटाएको छैन ।'

रंगमञ्चको दाँजोमा फिल्ममा रिहर्सल नहुने गरेको उनको बुझाई छ । 'म सधैं मेकरलाई भन्ने गर्छु कि थिएटरमा म महिनौं रिहर्सलमा मेहेनत गर्न सक्छु भने नाटकभन्दा सयौं गुण कमाई हुने फिल्ममा किन मेहेनत गर्न सक्दिनँ ? मलाई प्रयोग गर्नुस् भनेर बारम्बर भन्ने गर्छु । म दिनरात खटिन तयार छु भन्दा पनि वास्था गरिन्न । हामीले थिएटरमा जत्ति मेहेनत फिल्ममा गरेका नै छैनौं,' उनी सुनिए ।

कार्म अभिनीत नयाँ फिल्म 'षट्कोण' यही बैशाख २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा छन् । पछिल्लो समय फरक धारका फिल्ममा काम गर्दै आएका उनी आफूलाई घिसिपिटी लभस्टोरीभन्दा 'षट्कोण' जस्तो फिल्ममा काम गर्न मन लाग्ने बताउँछन् । यो फिल्ममा उनी एक मर्डर मिस्ट्रीको अनुसन्धान गरिरहेको पत्रकारको भूमिकामा छन् । फिल्मलाई लिएर उनी निकै उत्साहित छन् । -साभार: फिल्मीखबर

# क्रेडिट कार्डबाट अब नगद झिक्न र ट्रान्सफर गर्न नपाइने

काठमाडौं/क्रेडिट कार्डबाट नगद झिक्न र बैंक खातामा ट्रान्सफर गर्न नपाइने भएको छ । भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन २०७८ मा संशोधन/थप गर्दै नेपाल राष्ट्र बैंकले यस्तो व्यवस्था गरेको हो ।

एकीकृत निर्देशनमा भनिएको छ, 'सामान्यतया क्रेडिट कार्डबाट नगद कारोबार गर्न पाइने छैन । तर, अत्यावश्यक भएको अवस्थामा कार्डको स्वीकृत सीमाको १० प्रतिशतसम्म नगद झिक्न बाधा पुगेको मानिने छैन ।'

बैंकले क्रेडिट कार्डमार्फत् वालेटमा लोड गरिएको रकम वस्तु तथा सेवाको विद्युतीय भुक्तानीको लागि मात्र प्रयोग गर्नुपर्ने जनाएको छ । उक्त रकम बैंक खातामा ट्रान्सफर गर्न र नगद झिक्न नमिल्ने व्यवस्था गर्न भुक्तानी सेवा प्रदायक संस्थालाई निर्देशन दिइएको छ ।

यसैगरी बैंकले विद्युतीय वालेटमा ग्राहकको खाता खोल्दा तथा ग्राहक पहिचान विवरण अद्यावधिक गर्दा 'पेश गरेको विवरण ठिक साँचो रहेको तथा सो विवरण झुटो ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला' भन्ने व्यहोराको विद्युतीय रुपमा स्व:घोषणा गर्न लगाउनुपर्ने व्यवस्था पनि गरेको छ । -साभार: बाह्रखरी

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

लुम्बनाथ पोखरेल
प्रदेश निर्वाचन अधिकारी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा ३ लाख २५ हजार मतपत्र आइपुग्यो




साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ निर्वाचन आयोगले मकवानपुरमा आवश्यक मतपत्र पठाएको छ । सोमबारभित्र जिल्लामा ३ लाख २५ हजार मतपत्र आइपुगेको हो ।

निर्वाचन नजिकिएसँगै आयोगले पठाएको मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सुरक्षित साथ राखिएको छ । मतपत्र जिल्लास्थित मतदाता संख्या भन्दा बढी आएको छ । जिल्लामा दुई लाख ९४ हजार ९१९ जना मतदाता रहेको कार्यालयले जनाएको छ । जिल्लामा स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष गरी २० तथा १०२ वडाका वडाध्यक्ष र सदस्य पदमा ५२० गरी कूल ५३० पदको मतदान हुने बताइएको छ ।

निर्वाचनको लागि आवश्यक विभिन्न प्रकारका सामग्री जिल्लामा आइपुगेको र केही सामाग्री प्रदेश निर्वाचन कार्यालयबाट ल्याउन बाँकी रहेको निर्वाचन अधिकृत कार्यालयका सहायक अधिकृत सागर शर्माले बताएका छन् । उनका अनुसार मतपत्र २७ गतेभित्र पालिकास्थित मतदान केन्द्रमा पुगिसक्ने छ । उनले निर्वाचन सामग्रीसँगै निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतहरुले २७ गतेभित्र मतदान केन्द्रमा मतपत्र पुऱ्याइसक्ने शर्माले जानकारी दिए ।

जिल्लास्थित मतदान केन्द्र र मतदान स्थलको लागि आवश्यक पर्ने निर्वाचन सामग्री छुट्याउने काम भइरहेको शर्माले जानकारी दिए । निर्वाचनमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृतको लागि एक दुई दिनभित्रै तालिमको आयोजना गर्ने तयारी छ ।

निर्वाचनमा जिल्लामा करिब १८ सय बढी कर्मचारी खटाइने मुख्य निर्वाचन अधिकृतको कार्यालयले तयारी गरेको छ । जिल्लाभर १ सय ६५ मतदान स्थल र ३ सय ५६ मतदान केन्द्र रहेको बताइएको छ ।

# मकवानपुरमा लोडर दुर्घटना हुँदा तीनजनाको मृत्यु

साझाकुरा संवाददाता




हेटौंडा, १९ वैशाख/ मकवानपुरको बकैया गाउँपालिकामा लोडर दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने ३ जना घाइते भएका छन् ।

निजगढ काठमाडौं द्रुत मार्गअन्तर्गत् मकवानपुरको बकैया गाउँपालिका-११ घट्टेपाखानजिक लोडर दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो भने एक जनाको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो ।

दुर्घटनामा अन्य ३ जना घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ । द्रुत मार्गमा काम गरिरहेको लोडर एक्कासि सिमात खोलामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । घाइते र मृतक द्रुत मार्ग निर्माणमा काम गर्ने चिनिया नागरिक रहेका कार्कीले बताए । मृतक र घाइतेको पहिचान खुलिसकेको भने छैन ।

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि
पूर्ण खोप, सुरक्षित भविष्य

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा
कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

# गठबन्धनको जीत सुनिश्चित : बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले स्थानीय तह निर्वाचनमा सत्तारुढ गठबन्धनको जीत सुनिश्चित भएको भन्दै मतान्तर बढाउन आग्रह गरेका छन् ।

सोमबार हेटौंडा-९ का युवाहरुलाई पार्टी प्रवेश गराउँदै बानियाँले गठबन्धनको जीत सुनिश्चित भएपनि मतान्तर बढाउन जरुरी रहेको बताएका हुन् । 'गठबन्धनले अब मतान्तर बढाउने तर्फ ध्यान दिनुपर्छ । हेटौंडाको समग्र विकास गर्न हामीले जित्न जरुरी छ', उनले भने । बानियाँले एमाले अध्यक्ष केपी शर्मा ओलीको घमण्ड र उदण्डताबाट मुलुकलाई जोगाउन जरुरी रहेको बताए । 'झुट र आश्वासनको पुलिन्दाबाट देशलाई जोगाउन र संविधानको रक्षा गर्न हामीले गठबन्धन गरेका हौं ।

जनताले यस विषय बुझेका छन्', उनले थपे । कार्यक्रममा २० जना युवा राप्रपा पार्टी परित्याग गरी कांग्रेस प्रवेश गरेका थिए । हेटौंडा उपमहानगर पालिका उपमेयरका उम्मेदवार राजेश बानियाँ, कांग्रेस हेटौंडा-५ सभापति यमबहादुर श्रेष्ठ र ९ नम्बर सभापति वीरेन्द्रकुमार लामालगायत सहभागी थिए ।

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

# मकवानपुरगढीमा एमालेको घरदैलो तीव्र

साझाकुरा संवाददाता



हेटौंडा, १९ वैशाख/ मकवानपुरगढी गाउँपालिकामा नेकपा एमालेले निर्वाचन लक्षित घरदैलो अभियानलाई तीव्रता दिएको छ ।

आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि एमालेले सोमबार मकवानपुर गढीको १ नम्बर वडामा घरदैलो गरेको हो । १ नम्बर वडामा एमालेबाट गाउँपालिका अध्यक्षका उम्मेदवार बिदूर हुमागाईं र उपाध्यक्षका उम्मेदवार सन्तु थिङ पाख्रिन, १ नम्बर वडा अध्यक्षका उम्मेदवार गोपाल लुङ्वालगायत वडा सदस्यका उम्मेदवारहरु घरदैलोमा उपस्थित थिए । मतदाताको घरदेखि खेतबारीसम्मै उम्मेदवारहरु पुगेर मतदानका लागि आग्रह गरेका छन् । १ नम्बर वडाबासीले पाँच वर्षमा नसोचेको विकास गरेकोले हुमागाईंलाई जिताउने जिम्मा वडाबासीको काँधमा रहेको धारणा राखेका थिए ।

गाउँपालिकाले १ नम्बर वडाको घट्टेपाखाबाट रानिडाँडा हुँदै रानिसेरा जाने नयाँ सडक खोलेर गढी दरबारसँग रिङरोड बनाइदिएको भन्दै स्थानीय खुशी भएका थिए । 'पहिला नुन, तेल, चामल ल्याउन भारी बोक्न पर्थ्यो । अहिले अटोमै समान आउँछ । हाम्रो दु:ख हेरिदिनु भयो', माया मोक्तानले खुशी हुँदै भनिन् । हुमागाईंले जनताको हरेक दु:खमा साथ दिने बताएका छन् ।

आफू पाँचवर्ष अध्यक्ष हुँदा जनताकै लागि काम गरेको भन्दै आगामी ५ वर्षपनि जनताकै सु:ख दु:खमा साथ दिने बताए ।

गाउँपालिका उपाध्यक्ष उम्मेदवार सन्तु थिङ पाख्रिनले आर्थिक रुपमा महिलाहरुलाई सबल गराउन कृषि तथा पशुपालनका क्षेत्रमा पर्याप्त योजना ल्याउने बताइन् । गरिब तथा विपन्न वर्गका जनतालाई प्राथमिकतामा राखेर काम गर्न एमाले सरकारले मात्रै सक्ने पाख्रिनको भनाइ छ । नेकपा एमालेबाट १ नम्बर वडा अध्यक्षमा लुङ्वा, खुला सदस्यमा जगननाथ संजेल, सुकलाल घलान, महिला सदस्यमा गंगामाया बल र दलित महिला सदस्यमा मैया विश्वकर्मा उम्मेदवार रहेका छन् ।

घरदैलो कार्यक्रममा नेकपा एमालेका निवर्तमान अध्यक्ष बद्री लम्साल, एमाले प्रदेश कमिटी सदस्य नवराज तिमल्सिना, एमाले मकवानपुरगढीका युवा नेता इन्द्रजित देवकोटा, अनेरास्ववियु मकवानपुरका सहसचिव प्रमोद फुयाँललगायत नेताहरुको सहभागिता थियो ।

## बागी उम्मेदवारी उठेको भन्दै भूतपूर्व सैनिक संगठनको कारबाही

हेटौंडा, १९ वैशाख/ पार्टीको निर्देशन विपरित बागी उम्मेदवार दिएको भन्दै नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन (नेपोन)ले २ जनालाई कारवाही गरेको छ । आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा नेकपा एमालेनिकट संगठन नेपोनले मकवानपुरगढी गाउँपालिका अध्यक्षमा उम्मेदवारी दिने कृष्ण कंडेल र हेटौंडा-१४ का कृष्ण थपलियालाई कारबाही गरेको हो । संगठनको जिल्ला सदस्य पदमा रहेका दुबैजनाले पार्टीको निर्देशन उल्लंघन गरी बागी उम्मेदवारी दिएपनि फिर्ता नलिएको भन्दै कारबाही गरेको हो । संगठनका मकवानपुर जिल्ला अध्यक्ष शिव थापाले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको बताए । कंडेल र थपलियालाई एमाले जिल्ला कमिटीले पनि साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**ADMISSIONS OPEN FOR 2079**

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially responsible institution...*

*Madhav Raj Sumargi Memorial Scholarship based on* **Entrance Tests** — 189+ Seats

*Rup Chandra Bista "Thaha" Memorial Scholarship based on* **Students' Talent** — 108+ Seats

*Bishwakanti Kalawati Sumargi Scholarship based on* **Students' Rank** — 39+ Seats

Scholarship Test
24 Baishakh 2079

APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



*साझाकुरा*
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना